बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८०।८१ | च.नं. राजश्व शाखा/............... | मितिः २०८०।०६।११

## भारतीय नागरिकबाट संचालित ब्यवसाय सूचिकृत तथा नवीकरण सम्बन्धी

# सूचना । सूचना ।। सूचना ।।।

बेसीशहर नगरपालिका क्षेत्रभित्र भारतीय नागरिकहरुबाट संचालित ब्यवसायहरुमा यस कार्यालयबाट अनुगमन तथा निरीक्षणको क्रममा जाँदा अधिकांश ब्यवसायहरु अन्यत्र जिल्लाका नेपाली नागरिकको नाममा ब्यवसाय दर्ता गरेको तर उक्त ब्यवसाय भारतीय नागरिकले संचालन गरेको र अनुगमनको क्रममा आफ्नो नाममा ब्यवसाय दर्ता गर्न र दर्ता प्रकृयामा उल्लेख भएका सामाग्रीहरु मात्र विक्री वितरण गर्न पटकपटक निर्देशन दिंदा समेत अटेर गरेको पाइएकोले भारतीय राजदुताबासको आधिकारिक पत्र सहित ब्यवसाय दर्ता तथा नवीकरणको लागि यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ । अन्यथा, यस कार्यालयको अनुमति विना र आन्तरिक राजश्व कार्यालयको पान तथा भ्याट नं. विना ब्यवसायिक कारोबार गरेको पाइएमा नियमानुसार दण्ड जरिवाना तथा ब्यवसाय बन्द समेत गर्न सकिने ब्यहोरा जानकारीका लागि अनुरोध छ ।

**भारतीय राजदुतावासमा दर्ता तथा नवीकरण गर्दा आवश्यक पर्ने कागजातहरु**

१. सम्बन्धित ब्यक्तिको भोटर कार्ड तथा पासपोर्ट

२. घरधनीको नागरिकता वा लालपुर्जा वा पानी तथा विजुलीको वील तिरेको रसिद (६ महिनाभित्रको)

३. पासपोर्ट साईजको फोटो २ प्रति

४. नियमानुसार लाग्ने दस्तुर

(नोटः सम्बन्धित ब्यक्ति स्वयं उपस्थित हुनु पर्नेछ ।)

.................................................
किसानराज चिलुवाल
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०६६ ५२०१५०।५२०२०४
Website: www.besishaharmun.gov.np
"हामी सबैको रहर - सभ्य र समृध्द बेसीशहर"
Email: mun.besishahar@gmail.com
besishaharmunicipality@gmail.com